# तारकेश्वर गाउँपालिकाको बाह्रौं गाउँसभा अधिवेशनमा गाउँपालिकाका अध्यक्ष
## “श्री शिव अधिकारी”
## द्वारा प्रस्तुत

# आर्थिक वर्ष २०८२/०८३ को
# नीति तथा कार्यक्रम

## तारकेश्वर गाउँपालिका
## गाउँकार्यपालिका कार्यालय
### दाङसिङ, नुवाकोट
### २०८२।०३।१० मंगलबार

**तारकेश्वर गाउँपालिकाको बाह्रौं गाउँसभामा उपस्थित गाउँपालिका उपाध्यक्ष ज्यू, प्रमुख प्रशासकीय अधिकृत ज्यू, सम्पूर्ण गाउँसभा सदस्यज्यू, सम्पूर्ण कर्मचारी, सुरक्षाकर्मी, संचारकर्मी साथीहरु एवं उपस्थित सम्पूर्ण महानुभावहरु,**

**यस तारकेश्वर गाउँपालिका गाउँसभाको बाह्रौं अधिबेशनमा यहाँहरु सबैलाई हार्दिक स्वागत गर्दछु ।**

**गाउँसभाका सदस्यज्यूहरु,**

स्थानीयबासीको जनभावनालाई आत्मसाथ गर्दै तारकेश्वर गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८२/८३ को वार्षिक नीति तथा कार्यक्रमको प्रस्तावलाई यस गरीमामय गाउँसभामा पेश गर्न पाउँदा म अत्यन्तै खुशी र हर्षित भएको छु।

सर्वप्रथम म यस ऐतिहासिक समारोह मार्फत नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता र स्वाभिमानलाई अक्षुण्ण राखी जनताको सार्वभौम अधिकार, स्वायत्तता र स्वशासन अधिकारको रक्षा, र संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि जनआन्दोलन तथा सशस्त्र संघर्षका क्रममा आफ्नो अमुल्य जीवन उत्सर्ग गर्नुहुने सबै ज्ञात-अज्ञात सहिदहरुप्रति हार्दिक श्रद्धासुमन अर्पण गर्दछु। यस क्रममा भएका सबै आन्दोलन र संघर्षको नेतृत्व गर्नुहुने सम्पूर्ण अग्रजहरु प्रति उच्च सम्मान व्यक्त गर्दछु। साथै बेपत्ता परिवार, घाइते, अपाङ्ग तथा आन्दोलनमा अमूल्य योगदान गर्नुहुने सम्पूर्ण जनसमुदाय प्रति उच्च सम्मान व्यक्त गर्दछु।

नेपालको संविधान अनुसार तीनै तहको सरकारहरूको संरचनामध्ये आम नागरीकहरुको घरदैलोमा रहेको स्थानीय सरकारको भूमिकामा रहेको तारकेश्वर गाउँपालिकाले विगतका वर्षहरू देखि नै जनउत्तरदायी, समावेशी र सेवा प्रवाहमुखी प्रशासन सञ्चालन गर्दै आएको यहाँरुलाई सर्वविधितै छ। तारकेश्वर गाउँपालिकाको समृद्धि, विकास, र सुशासनका लागि नेपालको संविधान तथा संघीय, प्रदेश र स्थानीय कानूनद्वारा प्रदत्त हक अधिकारको कार्यान्वयन गर्न एवं कानूनतः निर्देशित काम, कर्तव्य र दायित्व निर्वाह गर्न हामी प्रतिबद्ध छौं ।हामीले जनप्रतिनिधिको रूपमा लिएको जिम्मेवारीलाई निष्ठा, पारदर्शिता, र सहभागितामूलक प्रणालीबाट कार्यान्वयन गर्ने प्रयास गरेका छौं।

- यस नीति तथा कार्यक्रममा विकासका समसामायिक मुद्दाहरु दिगो विकास लक्ष्य, विभिन्न विषयगत समिति लगायत संघीय तथा प्रदेश सरकारबाट प्राप्त निर्देशन, विभिन्न प्रतिवेदन तथा सुझाव, विभिन्न राजनीतिक दलका राय सुझाव, विज्ञहरुको प्रतिवेदन, नागरीक समाज, लक्षित वर्ग/समुदायका प्रतिनिधीहरु, निवर्तमान जनप्रतिनिधीहरु सञ्चारकर्मी संघसंस्था तथा गाउँपालिकावासीको चाहना र सल्लाह सुझाव समेट्ने प्रयत्न गरीएको छ। साथै लोकतान्त्रिक मूल्य, मान्यता, मानवअधिकार,

सुशासन, सामाजिक न्याय र सामाजिक संरक्षण संघ, प्रदेश र स्थानीय तहको अधिकार क्षेत्रको सीमा र सम्बन्धका सिद्धान्तहरुलाई प्रस्तुत नीति तथा कार्यक्रममा आत्मसाथ गरीएको छ। गत आर्थिक वर्ष २०८१/८२ मा हामीले निर्धारित नीति तथा कार्यक्रमहरू मध्ये धेरैजसो कार्यान्वयनमा ल्याई विगत भन्दा उल्लेखनीय प्रगति प्राप्त गरेकोमा आगामी दिनहरुमा अझ प्रभावकारी सेवा प्रवाह, समावेशी विकास, र दिगो आर्थिक समृद्धिको दिशामा द्रुत गतिमा अगाडि बढ्ने योजना सहित राज्यले लिएको दीर्घकालिन सोच *'समृद्ध नेपाल, सुखी नेपाली'* र दिगो विकासको राष्ट्रिय लक्ष्यहरुको स्थानीयकरण गर्दै सिमित स्थानीय स्रोतसाधनको समानुपातिक हिसाबले उच्चतम प्रयोग र परिचालन गरी दिगो आर्थिक तथा सामजिक विकास मार्फत सुन्दर, समुन्नत र समृद्ध गाउँपालिका निर्माण गर्ने हाम्रो संकल्प पुरा गर्ने उद्देश्यका साथ आगामी आ. व. २०८२/८३ को नीति तथा कार्यक्रमको तर्जुमा गरेका छौं।

- हामीले अख्तियार गरेको नीति तथा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन गर्न आन्तरिक सुशासन र सवल प्रशासन अपरिहार्य हुने भएकाले यो नीति तथा कार्यक्रमलाई त्यसतर्फ निर्देशित गरीएको छ ।
- जनतासँग प्रत्यक्ष सम्बन्ध र सम्पर्क रहने वडा कार्यालयहरुको क्षमता विकास, श्रोत साधनमा वृद्धि र स्वच्छ पारदर्शी प्रणालीको विकास गर्न आवश्यक नीति प्रस्ताव गरीएको छ । शिक्षा, स्वास्थ्य, रोजगारी, उद्यमशीलता, सामाजिक विकास, युवा तथा खेलकुद, भौतिक पूर्वाधार विकास, सार्वजनिक यातायात, खानेपानी तथा सरसफाई, विपद व्यवस्थापन, न्याय निरुपण, जस्ता विषयगत क्षेत्रहरुका लागि विशेष प्राथमिकता साथ नीति तथा कार्यक्रम प्रस्ताव गरेको छु ।
- तारकेश्वर गाउँपालिकाको सर्वाङ्गिर्ण विकास र समृद्धिको लक्ष्य प्राप्तिको निम्ति स्थानीय आवश्यकताको पहिचान र प्राथिमिकीकरण गरी सहकार्य र समन्वयकारी कार्यशैलीमा स्थानीय सरकारको सिमित स्रोतसाधनहरुको अधिकतम र उच्चतम उपयोग को नीति लिईएको छ।
- सम्पूर्ण गाउँपालिकाको समृद्धि र विकासका लागि प्रस्तावित नीति तथा कार्यक्रमको सफल र प्रभावकारी कार्यान्वयनमा सम्पूर्ण तारकेश्वरवासीहरुको सक्रिय सहभागिता, सुझाव, समर्थन तथा सहयोग प्राप्त हुने आशा गरेका छौं।
- गाउँपालिकाको आर्थिक वर्ष २०८२।८३ को नीति तथा कार्यक्रम तर्जुमा गर्दा निम्नलिखित दस्तावेजहरुलाई आधारको रुपमा लिइएको छ ।
    - नेपालको संविधान
    - नेपाल सरकारको दीर्घकालीन लक्ष्य र सोच
    - सोह्रौं योजना

- संघीय सरकार तथा प्रदेश सरकारका आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेटका प्राथमिकताहरु,
- संघीय सरकार र प्रदेश सरकारका क्षेत्रगत नीति तथा कार्यक्रम,
- दीगो विकास लक्ष्यहरु
- गाउँपालिकाका दायित्व तथा प्राथमिकताहरु
- स्थानीय आवश्यकता र संभावनाहरु

- गाउँपालिकाबाट विगतमा लिइएका महत्वपूर्ण नीति र सञ्चालनमा रहेका गौरवका आयोजना तथा कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ ।

गाउँसभाका सदस्यज्यूहरु,

- आगामी आ.व. २०८२/८३ को नीति तथा कार्यक्रमले विशेष गरी दिगो भौतिक पूर्वाधार निर्माण, पर्यटन प्रवर्द्धन, कृषि क्षेत्रको विकास र प्रवर्धन, गाउँपालिकाबासीको आर्थिक, सामाजिक, साँस्कृतिक उन्नति, वातावरण संरक्षण, महिला तथा युवा सशक्तीकरण, विपद् व्यवस्थापन र संस्थागत विकास र सुशासन जस्ता आधारभुत पक्षहरुलाई मुख्य प्राथमिकतामा राखिएको छ।
- **"जनताको नीति जनताको कार्यक्रमः समृद्ध तारकेश्वर निर्माण हाम्रो अभियान"** भन्ने दीर्घकालिन सोचका साथ तारकेश्वर गाउँपालिकामा सम्पूर्ण जनताको आर्थिक तथा सामाजिक समृद्धिका साथै योजनावद्ध विकासको लक्ष्य हासिल गर्न यो नीति तथा कार्यक्रमको सफल कार्यान्वयन गर्ने क्रममा यहाँहरुको साथ र सहयोग प्राप्त हुने कुरामा पूर्ण विश्वस्त छु।
- आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रममा पुँजिगत बजेट विनियोजन गर्दा टुक्रे तथा साना योजना कार्यक्रमहरुलाई निरुत्साहित गर्दै साना योजनाहरुको उचित सम्बोधन हुने गरी गुरुयोजना बनाई कार्यान्वयन गरिनेछ । असारे विकासलाई निरुत्साहित गर्न आगामी आ.व. का योजना कार्यक्रमको कार्यान्वयनलाई भदौ महिनाबाटै शुरुवात हुने गरी कार्य प्रणालीको विकास गरिनेछ।
- **"सुशासन, शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र पूर्वाधार तारकेश्वर विकासको मुख्य आधार"** भन्ने नारा अनुरुप नीति तथा कार्यक्रममा सुशासन, शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र पूर्वाधार क्षेत्रलाई विशेष प्राथमिकता दिईनेछ।

गाउँसभाका सदस्यज्यूहरु,

अब म गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ का लागि प्रस्तावित नीति तथा कार्यक्रमको क्षेत्रगत प्राथमिकताहरु प्रस्तुत गर्न चाहन्छु ।

**पूर्वाधार विकास तर्फ**

**स्थानीय सडक तथा यातायात पूर्वाधार**

**“सडक र पुलः तारकेश्वर विकासको मुल”** भन्ने नारा चरितार्थ गर्न आगामी आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रममा स्थानीय सडक तथा यातायात पूर्वाधारको निर्माण तथा स्तरोन्नतीलाई विशेष प्राथमिकतामा राखिएको छ।

- महादेवफाँट बुधसिङ जोरचौतारा हुदैं कौछिनी सडक निर्माण र विस्तारलाई प्रमुख प्राथमिकतामा राखि कार्य अघि बढाईनेछ।
- मानेडाडा हुदैं दाङसिङ सडक कालोपत्रे गर्ने प्रकृया प्रदेश सरकारको सहकार्यमा अगाडी बढाईनेछ।
- ढोडबेसी सातदोबाटो जोर चौतारा काफलपानी सडकको कालोपत्रे गर्ने कार्यलाई निरन्तरता दिईनेछ।
- काप्रेखोला-कालीमाटि-मानेडाडाँ सडक कालोपत्रे गर्ने कार्यलाई निरन्तरता दिईनेछ।
- बागमती प्रदेश सरकारको सहकार्यमा मानेडाँडा-निग्लेनी- कसरडाँडा-दाङसिङ-काफलपानी जोड्ने सडकलाई कालोपत्रे गरी निर्माण सम्पन्न गरिनेछ।
- महादेवफाँट पुल बुधसिङ जोरचौतारा हुदैं कौछिनी धादिङ निलकण्ठ जोड्ने सडकलाई प्रदेश सरकारको समन्वयमा कालोपत्रे सडक निर्माण गर्ने प्रकृया अगाडी बढाईनेछ।
- तारुकाघाट- सातदोबाटो- जोरचौतारा हुदैं धादिङ निलकण्ठ जोड्ने मोटरबाटोको कालोपत्रे गर्ने कार्यलाई प्रदेश सरकारको सहकार्यमा निरन्तरता दिईनेछ।
- तारकेश्वर वडा नं. २ को भवनडाडा- चन्दनी-सिम्ले-ढाडाँखर्क हुदैं दाङसिङ जोड्ने मोटरबाटोलाई बाह्रै महिना यातायात सञ्चालन हुने गरी स्तरोन्नती गरिनेछ।
- मजुवा वडा नं. ६ को कार्यालय हल्ले भमरा हुँदै ढाडाँखर्क जाने सडकलाई कालोपत्रे गर्ने कार्य सहित स्तरोन्नती लाई निरन्तरता दिईनेछ।
- गाउँपालिका अन्तरगतका विभिन्न सडक खण्डमा खोला खोल्साका कारण असहजता हुने स्थानहरुमा पक्की पुल तथा कजवे सहितको सडक विस्तार र स्तरोन्नती गरिनेछ।
- गाउँपालिकाका टोलबस्ती स्तरिय सडक तथा कृषि सडकहरुलाई आवश्यकता अनुरुप स्तरोन्नती गर्ने, कालोपत्रे ,ढलान गर्ने, कजवे निर्माण तथा आवश्यक स्थानहरुमा मेसनरी वाल सहितको सडक निर्माण कार्य अगाडी बढाईनेछ।
- अधेरीकुना देखि फलाटे सेलडाँडा लर्केप जन्तरे सडकको स्तरोन्नती गरी वर्षैभरि सहज किसिमले यातायात सञ्चालन हुने व्यवस्था गरिनेछ।
- सामरी -कल्लाबारी - भागे - सेलडाँडा- लर्केप- फलाटे अधेरी कुना सडकको स्तरोन्नती गरिनेछ।

- तारकेश्वर गाउँपालिका वडा नं. ६ को भिरपानी कुवापानी मजुवा दाङसिङ सडकलाई कालोपत्रे गर्ने कार्यको निरन्तरताका लागि संघिय सरकारको समन्वय र सहकार्यमा कार्यान्वयन गरिनेछ।
- स्थानीयबासीहरुको गाउँपालिका क्षेत्रभित्र सहज रुपमा आवतजावत तथा सार्वजनिक यातायातलाई व्यवस्थित गर्न गाउँपालिकाका प्रत्येक टोलबस्तीका सडकहरुको निर्माण र स्तरोन्नतीको लागि आवश्यक योजना कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- आगामी आ.व. को बजेट मार्फत प्रत्येक वडाका सबै मूल सडकहरु ग्राभेलिङ गरी वर्षैभरी सहज यातायात सञ्चालनको व्यवस्था मिलाइनेछ। स्थानीय सडकको विस्तार तथा नयाँ सडकहरुको निर्माण गर्दा गाउँपालिकाको विकट क्षेत्रहरुमा समेत सहज पहुचँका लागि विशेष प्राथमिकता दिईनेछ। पूर्वाधार निर्माणको क्रममा स्थानीय सभ्यता संस्कृति तथा सम्पदामा हुन सक्ने क्षतिलाई शून्य सहनशीलताको नीति लिई सम्बन्धित निर्माण व्यवसायी वा उपभोक्ता समितिबाट क्षतिपुर्ती भराइने व्यवस्था गरिनेछ ।
- तारकेश्वर गाउँपालिका अन्तर्गतका सडक,पुल र भवन निर्माण गर्दा माग र आवश्यकताको आधारमा निर्माण गरिनेछ ।
- एक वडा एक प्राथामिकताको योजना सञ्चालन गरिनेछ।
- आगामी आ.व. मा प्रदेश सरकारको सहयोग र सहकार्यमा तपशिल बमोजिमका आयोजनाहरुको कार्यान्वयन गरिनेछ।
  - छत्रेखोला शेराचौर मानेडाँडा दाङसिङ सडक, तारकेश्वर १,५,६,
  - सामरी कल्लावारी दाङसिङ सडक
  - महादेवफाँट पुल-बुधसिंह-नेवारपानी जोरचौतारा कौछीनी सडक तारकेस्वर-४ र ३
  - अम्बोटे पक्की पुल तारकेश्वर-४,
  - महादेवफाँट पुल-बुधसिंह-नेवारपानी-जोरचौतारा-कौछीनी सडक बाँकी खण्ड तारकेश्वर ४,३
  - गोर्स्याङ- निग्लेनी हुँदै दाङसिङ सडक कालोपत्रे, तारकेश्वर गाउँपालिका
  - ढोडवेसी पुल हुँदै तारुका सडक स्तरोन्नती तारकेस्वर- २, ३ र ४
  - छत्रेखोला सडक पुल

**सिंचाई तर्फ**

समग्र गाउँपालिकामा कृषि क्षेत्रको उच्चतम विकासका लागि सिँचाइको उचित प्रबन्ध मिलाइनेछ । प्रदेश सरकारको सहयोग र सहकार्यबाट तपशिल बमोजिमका सिंचाई आयोजना | योजनाहरुको कार्यान्वयन गरिनेछ।

- जोरघट्ट ठाटीखोला तारुका खानेपानी आयोजना वडा नं. २, ३
- खर्याङखुरुङ खोला मलेस्योङ्ग पैतिसेफांट हिलेफांट सिंचाइ कुलो, तारकेश्वर-१,

- जन्तरे बिचकुलो अधुरो सिंचाइ तारकेश्वर १,
- छाङ्गाखोला छापडाँडा रयलछाप सिंचाई तारकेश्वर १,
- घट्टेखोला मुहान गरी देउरालीडाँडा सिचाई कुलो, तारकेश्वर १,
- लुङ्गरेखोला मुहान हुँदै छापडाँडा सिंचाई कुलो, तारकेश्वर १,
- अमारे, ओजल गैरी सिंचाई कुलो निर्माण, तारकेश्वर २,
- पिमलटार ठूलोटार माझिगाउँ बिर्ताफाँट सिचाइ योजना, तारकेश्वर २,
- पिमलटार सिंचाई योजना, तारकेश्वर २,
- गौडे उपल्लो डि ठूलोटार माझिटार सिंचाई योजना, तारकेश्वर २, ,
- फड्के खोलेवेसी बगुवा सिँचाई योजना, तारकेश्वर २,
- खोले भुत्या सिंचाई योजना, तारकेश्वर २,
- कटिनीखोला गैरीखेत सिचाई नहर निर्माण, तारकेश्वर ३,
- सादिखोला पसंगखेल फाँट सिचार्ई, तारकेश्वर ३,
- लामाचौर सिँचा्इ योजना, तारकेश्वर ३, नुवाकोट,
- सिस्नेरी छत्रेखोला कालोढुंगा फट्के सिचाई तारकेश्वर-४,
- एकवार डुडे सिंचाई कुलो निर्माण तारकेश्वर-४,
- बुधसिङफाँट सिंचाइ तारकेश्वर-४,
- लामपाटामा पानी संकलन ट्यांकी, तारकेश्वर-४,
- ज्यामिरेखोला दोभान खेत र साउनेखेत सिचाइकुलो निर्माण तारकेश्वर-५,
- कुसुनडाँडा सिचाई योजना तारकेश्वर- ५,
- गुराँसे सिंचाइ ट्याङकी निर्माण, तारकेश्वर- ६,
- हल्लेखेत ठाडो कुलो सिंचाई योजना, तारकेश्वर- ६,
- जल्कीनी मुनी बगर खेत संरक्षण, तारकेश्वर २,
- गोरखनाथ आ.बि. तथा भुजेल वस्ती संरक्षण तारकेस्वर ३,
- सेन्देन टोल डिप बोरिङ वडा नं. ५,
- भ्यागुते खोला टारीखेत सिंचाई आयोजना सञ्चालनका लागि प्रदेश सरकार संग समन्वय गरिनेछ।

संघीय सरकारको सहयोग र सहकार्यबाट तपशिल बमोजिमका सिंचाई योजना आयोजनाहरुको कार्यान्वयन गरिनेछ।

- जोरघट्ट खानेपानी आयोजना

**भवन निर्माण तर्फः**

- गाउँपालिकाको प्रशासकीय भवनलाई निर्माण सम्पन्न गरी यसै आर्थिक वर्षमा सोही भवनबाट सेवा प्रवाह तथा कार्यालय सञ्चालन गरिनेछ। गाउँपालिकाको नयाँ भवनमा कार्यालय स्थानान्तरण तथा सञ्चालन व्यवस्थापनको लागि आवश्यक बजेटको व्यवस्थापन गरिनेछ।

- भवन निर्माण आचार संहिता लागु गरी नक्सा पास कार्यविधि समेत निर्माण गरी लागु गरिनेछ।
- वडा नं. २ को वडा कार्यालय भवन निर्माण प्रकृया अगाडी बढाईनेछ।
- प्रदेश सरकारको सहयोग र सहकार्यबाट तपशिल बमोजिमका भवन निर्माण योजना आयोजनाहरुको कार्यान्वयन गरिनेछ।
  - न्यू फलाटे युवा क्लब भवन निर्माण तारकेश्वर १,
  - शहिद स्मृति भवन निर्माण तारकेश्वर १,
  - भट्टराई कुलबंश मन्दिर प्रतिक्षालय तारकेश्वर ४,
  - आधारभूत स्वास्थ्य सेवा केन्द्र सुदृढीकरण, तारकेश्वर १,
  - स्वास्थ्य सेवा केन्द्र सुदृढीकरण, तारकेश्वर २,
  - तारुका स्वास्थ्य चौकी सुदृढीकरण, तारकेश्वर ३,
  - स्वास्थ्य सेवा केन्द्र सुदृढीकरण, तारकेश्वर २,
  - सामुदायिक स्वास्थ्य सेवा इकाई सुदृढीकरण, तारकेश्वर ६,

**गाउँसभाका सदस्यज्यूहरु**,

अब म आर्थिक विकास विषय क्षेत्र तर्फको नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न चाहन्छुः

**आर्थिक विकास तर्फ**

**कृषि तथा पशुपालन क्षेत्रः**

**"कृषि क्रान्तीको आधारः आधुनिक प्रविधि र पूर्वाधार"** भन्ने नारालाई आत्मसाथ गर्दै कृषि तथा पशु उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्न निर्वाहमुखी कृषिलाई आधुनिक र व्यवसायिक बनाउँदै कृषिमा गाउँपालिकालाई आत्मनिर्भर तुल्याउन यान्त्रिकीकरण र विशिष्टीकरण गरिनेछ। संघीय सरकार र प्रदेश सरकारसँगको सहयोग, समन्वय र सहकार्यमा कृषिको व्यवसायीकरण र पूर्वाधार निर्माणतर्फ जोड दिइनेछ।

- कृषि उत्पादनको वृद्धि, बजार व्यवस्थापन तथा रोजगार सृजनाको लागि सहकारी संघ संस्थाहरुसंग कृषि र पशुपंक्षीको क्षेत्रको अनुसन्धान, प्रविधि विकास र विस्तारमा सहकार्य गरिनेछ।
- कृषकहरुका लागि उत्पादनमा आधारित प्रोत्साहन अनुदानको व्यवस्था गरिनेछ। कृषि उद्यमीहरुलाई प्रोत्साहन गर्न कृषि यन्त्र र मेसिनरी खरिदमा अनुदान तथा लागत साझेदारीमा प्रदान गर्ने योजना कार्यक्रमहरु विशेष प्राथमिकताका साथ सञ्चालन गरिनेछ। कृषि क्षेत्रमा विशेष योगदान पुऱ्याउने कृषकहरुलाई पुरस्कार स्वरुप हाते ट्याक्टर, कुटानी पिसानी मिल, ढिकी, जातो, घट्ट लगायत कृषि यन्त्रहरु प्रदान गर्ने व्यवस्था गरिनेछ।
- किसानहरुलाई दुग्ध उत्पादनमा आधारित प्रोत्साहनको व्यवस्था गरिनेछ।

- कृषि क्षेत्रको उत्पादन तथा उतपादकत्व वृद्धिका लागि नविनतम प्रविधिहरुको प्रयोगबाट सिंचाईको उचित व्यवस्थापन गर्ने तथा सिंचाईका लागि आवश्यक पूर्वाधार र संरचना निर्माण गर्ने योजना कार्यक्रमहरु सञ्चालन गरिनेछ। यसका लागि प्रदेश तथा संघीय सरकार संग समन्वय गरिनेछ।
- कृषि प्राविधिकहरुलाई समय सापेक्ष नविनतम प्रविधिहरुको प्रयोगसंग सम्बन्धित तालिम र आवश्यक स्रोत साधनको व्यवस्था गरी कृषकहरुको समस्या समाधानका लागि कृषि प्राविधिकहरुलाई खटाईनेछ।
- गाउँपालिका भित्रका किसान सूचीकृतबाट प्राप्त तथ्याङ्कको विश्लेषण गरी कृषकहरुको एकीकृत कृषक प्रोफाइल तयार गरिनेछ। साथै सूचीकृत किसानहरुलाई मात्र गाउँपालिकाबाट सञ्चालन हुने अनुदान तथा सहुलियतका कार्यक्रममा समावेश हुने व्यवस्था मिलाइनेछ ।
- स्थानीय स्तरमा उत्पादन हुने रैथाने बालीहरुलाई प्रवर्द्धन गर्न स्थानीय "रैथाने बाली प्रवर्धन कार्यक्रम" मार्फत स्थानीय कृषि उपजहरुको उत्पादन र उत्पादकत्व बृद्धि गर्न लक्षित कार्यक्रम सञ्चालन गरी यस्ता कृषि उपजहरुको व्यवसायिकीकरणमा जोड दिइनेछ । रैथाने बालीहरुको बीउ, नश्ल र कृषि जैविक विविधताको संरक्षणलाई प्राथमिकता दिइनेछ ।
- विषादीबाट मानव स्वास्थ्यमा पर्ने दुर्गामी असरलाई मध्यनजर गर्दै रासायनिक मल तथा विषादीको प्रयोग कम गर्दै माटोको जैविक गुणमा ह्रास आउन नदिन प्राङ्गारिक मलको उत्पादन र प्रयोगलाई प्रोत्साहन दिँदै विशेष कार्यक्रम सञ्चालन गरिनेछ। विषादीरहित र जैविक कृषि (अर्गानिक फार्मिङ) अभ्यासलाई प्रवर्द्धन गर्न जनचेतना फैलाइनेछ ।
- कृषकहरुलाई विभिन्न मौसमी तरकारी खेतीका लागि कृषि शाखा मार्फत बीउ वितरण गरिनेछ
- प्रदेश सरकारको नीति अनुरुप माटोमा देखिएको बढ्दो अम्लियपनालाई नियन्त्रण तथा प्राङ्गारिक पदार्थको मात्रालाई वृद्धि गर्न प्रदेश सरकारसंगको सहकार्यमा माटो स्वास्थ्य सुधार कार्यक्रम सञ्चालन गरिनेछ। कृषि उत्पादकत्व बढाउन माटो परीक्षण गर्ने तथा माटोको अम्लियपना सुधार गर्नका लागि कृषि चुन सहुलियतमा वितरण गरिनेछ ।
- कृषकहरुलाई आवश्यकतामा आधारित तालिम सञ्चालन गरी कृषकहरुको व्यावहारिक र व्यावसायिक ज्ञान तथा सीपमा अभिवृद्धि गरिनेछ।
- कृषक समूहहरूलाई परिचालन गरी सामुहिक उत्पादनमा सक्रिय बनाइनेछ । कृषि समूहको सहकार्य मार्फत कृषि उपजको बजारीकरणमा जोड दिइनेछ ।
- गाउँपालिकामा उन्नत जातका सुन्तला, कागती बगैंचाको क्षेत्र विस्तारमा सहयोग प्रदान गरिनेछ। सुन्तला, कागती पकेट स्थापना गरी उत्पादकत्व अभिवृद्धिका लागि आधुनिक प्रविधिको प्रयोग गर्न कृषकहरुलाई यथोचित परामर्श र सहयोग उपलब्ध गराइनेछ ।
- औषधिजन्य प्रयोजनका लागि टिमुर जस्ता जडिबुटीहरुको पहिचान एवम् संरक्षण गरिनेछ ।

- चिस्यान केन्द्र सञ्चालन कार्यविधि निर्माण तथा आवश्यक भौतिक संरचनाको निर्माणका लागि संघिय सरकार संग समन्वय गरिनेछ।
- कृषकहरुलाई आवश्यक रासायनिक मल, उन्नत जातका बीउ बिजन र कृषि प्रविधि सहज र सुलभ आपूर्तिका लागि सहजीकरण गरिनेछ ।
- पशुपंक्षीको लागि आवश्यक औषधि तथा औषधिजन्य सामग्री खरिद गरी सम्पूर्ण वडाका पशु सेवा उपकेन्द्रबाट उपलब्ध गराइनेछ, त्यसका लागि आवश्यक बजेटको व्यवस्थापन गरिनेछ ।
- पशुहरुमा देखा परेका लम्पी स्किन, खोरैत जस्ता महामारी तथा प्रकोपजन्य रोग तथा बाह्य परजीविजन्य रोगहरुको नियन्त्रणका लागि औषधी, खोप तथा उपचारको व्यवस्था गरिनेछ।
- कृषकहरुलाई व्यवसायिक पशुपालन सम्बम्धी तालिम र परामर्श सेवा उपलब्ध गराई पशुपालन व्यवसाय सञ्चालन गर्न अभिप्रेरित गरिनेछ।
- पशु प्राविधिकहरुको क्षमता अभिवृद्धि गरी कार्यसम्पादनमा सुधार ल्याउन स्तरीय तालिम प्रदान गरिनेछ ।
- पशु नस्ल सुधार गर्नका लागि कृत्रिम गर्भाधानका लागि आवश्यक सिमेन नाइट्रोजनको ढुवानी र व्यवस्थापन गरिनेछ ।
- गाउँपालिकाभित्र घरपालुवा र सामुदायिक कुकुरहरुको सङ्ख्या नियन्त्रण तथा रेबिज रोगको जोखिम न्यूनीकरणका लागि निःशुल्क कुकुर बन्ध्याकरण शिविर तथा रेविज विरुद्धको खोप कार्यक्रमको व्यवस्था मिलाईनेछ ।
- गाउँपालिका भित्रका पशुपंछीमा देखिएका रोगहरूको पहिचान र उपचारका लागि पशु चिकित्सकको नेतृत्वमा निःशुल्क पशु स्वास्थ्य शिविर सञ्चालन गरिनेछ
- खाद्यान्न, फलफूल, तरकारी र पशुपालनको व्यावसायिक उत्पादनका लागि पकेट क्षेत्र विकास गर्न प्रदेश सरकारले अवलम्बन गरेको समुदायमा आधारित "***एक वडा एक कृषि उत्पादन***" कार्यक्रमलाई प्राथमिकताका साथ निरन्तरता दिई कार्यान्वयन गरिनेछ । यसरी उत्पादित वस्तु तथा कृषि उपजको बजारीकरणका लागि सहकारी तथा निजी क्षेत्रसँग समन्वय र सहकार्य गरिनेछ ।
- कृषक तथा कृषि व्यवसायीहरुको पशुहरुमा रोग, महामारी तथा प्रकोपजन्य कारणबाट हुने पशुधनको क्षतिबाट हुने हानी नोक्सानी न्युनीकरणका लागि कृषि विमा तथा पशु विमा कार्यक्रम कार्यान्वयनका लागि कृषकहरुलाई प्रोत्साहन गरिनेछ।
- वडाहरुमा सञ्चालित घुम्ती शिविर, बालि उपचार शिविर जस्ता विशेष कार्यक्रमहरुको संचालन गरी माटोको गुणस्तर परीक्षण, कृषि उपजहरुमा लाग्ने रोगहरुको पहिचान र निदान गर्ने कार्यक्रमहरुलाई सञ्चालन गर्न बजेटको व्यवस्था गरिनेछ ।

- व्यावसायिक कृषि तथा पशुपालन गर्ने कृषकलाई सहज बजारीकरण तथा क्षति जोखिमको लागि योगदानमा आधारित अनुदानको कार्यक्रमहरु सञ्चालनमा ल्याइनेछ ।
- गाईभैसीं सुत्केरी भत्ता कार्यक्रमलाई निरन्तरता दिइनेछ । पशुसम्बन्धी घुम्ति सेवा कार्यक्रमहरु संचालनमा ल्याइनेछ ।

**घरेलु , लघु उद्यम तथा रोजगारीः**

- गाउँपालिकाको समग्र आर्थिक विकास तथा रोजगारी बृद्धि गर्न घरेलु तथा लघु उद्योगहरुको विकास र स्थापनामा जोड दिने नीति लिईनेछ।
- रोजगारीका अवसरहरुको वृद्धि गर्न विभिन्न सीपमुलक तालिम सञ्चालनका लागि आवश्यक बजेटको प्रबन्ध मिलाईनेछ।
- राष्ट्रिय रोजगार कार्यक्रम र गाउँपालिकाबाट सञ्चालित योजना तथा कार्यक्रमको तादम्यता गरी प्रचलित नीति कानुन बमोजिम हुने गरी स्थानीय आवश्यकताको आधारमा योजना तथा कार्यक्रमहरु साझेदारीमा सञ्चालन गरिनेछ ।
- स्थानीय युवाहरुलाई स्वरोजगार बन्न प्रोत्साहन गर्दै स्थानीय तहमा रोजगारीका क्षेत्रहरुको विकास र रोजगार सिर्जनाका लागि साक्षर युवायुवतीका लागि मोटरसाइकल मर्मत, सिलाई बुनाई, डोजर अपरेटर तालिम, मोबाईल, घडी मर्मत, ब्युटीसियन, रंगरोगन, प्लम्बिङ, क्रिस्टल निर्माण, बेतबाँस तथा हस्तकला, हाउस वायरिङ, जस्ता विविध प्रकृतिका तालिमको व्यवस्था मिलाइनेछ ।
- गाउँपालिका भित्र रहेका व्यवसायिक पसल, उद्योग, कृषि फर्म, पोल्ट्री फर्म र अन्य फर्महरुलाई गाउँपालिकामा अनिवार्य सूचिकृत गराउन र दर्ता भएका फर्महरुलाई नवीकरण गरी कानुनी प्रक्रिया अघि बढाउने तथा करको दायरामा समावेश हुन प्रोत्साहन गरिनेछ ।
- स्थानीय उत्पादनहरुको व्यवसायिक बजारीकरणका लागि आवश्यक नीतिहरु निर्माण गरी समयानुकुल संशोधनको नीति लिईनेछ।

**<u>गाउँसभाका सदस्यज्यूहरु</u>**,

**पर्यटन क्षेत्र प्रवर्द्धन र संस्कृति तथा सांस्कृतिक सम्पदा तर्फ**

- आन्तरिक तथा बाह्य पर्यटन विकास तथा प्रवर्द्धनको लागी "**गन्तव्य तारकेश्वर अभियान कार्यक्रम**" निरन्तरता गरिनेछ ।
- वडा नं.१ मा रहेको जन्तरेगढी, पालछेङवागङ, छांगा खोला झरना, वडा नं. ६ को फिर्केपकोट ढिकी जातो चुली, वडा नं. २ को राम्चेडाँडा पर्यटन पार्क, वडा नं. ३ को शिवालय मन्दिर परिसरलाई पर्यटन हबको रुपमा विकास गरिनेछ।

- माघे संक्रान्तीमा मनाइने तारुका गोरु जुधाई पर्वलाई राष्ट्रिय पर्वको रुपमा विकास गरी आन्तरिक तथा बाह्य पर्यटक भित्र्याउन यस पर्वको बृहत रुपमा प्रचार प्रसार गर्ने व्यवस्था गरिनेछ ।
- तामाङ समुदायको महान पर्व सोनाम ल्होसार लाई राष्ट्रिय तथा अन्तराष्ट्रिय पर्वको रुपमा ब्रान्डीङ गर्न विशेष बजेटको व्यवस्था गरिनेछ।
- पर्यटन व्यवसायको विकासका लागि स्थानीय परिकार र खाद्य उत्पादनको ब्रान्डीङ तथा बजारीकरण गरिनेछ ।
- गाउँपालिका अध्यक्षसंग उज्यालो कार्यक्रम अन्तर्गत परम्परागत कुवा, ढुङ्गेधारा, ऐतिहासिक स्थल, मरणपाटी लगायतका स्थानहरुमा आवश्यकता अनुसार सोलार बत्ती जडान गरिनेछ।
- तारकेश्वर गाउँपालिका क्षेत्रभित्रका पर्यटकीय गन्तव्यहरुलाई संरक्षण तथा प्रवर्द्धन गर्नका लागि तारकेश्वर गाउँपालिकाको मौलिकता एवम सांस्कृतिक विविधता झल्काउने डिजिटल कन्टेन्टहरु बनाई विभिन्न माध्यमबाट प्रचार प्रसारको व्यवस्था मिलाइनेछ।
- वडा नं ५ मा रहेको तामाङ संग्राहलय निर्माणको कामलाई निरन्तरता दिईनेछ ।
- वडा नं. २ स्थित तारकेश्वर महादेव मन्दिर परिसरमा प्रत्येक वर्ष सञ्चालन हुने मेला पर्व र जात्रा कार्यक्रममा आन्तरिक तथा बाह्य पर्यटकहरु भित्र्याउन बृहत रुपमा प्रचार प्रसार गर्ने व्यवस्था गरिनेछ ।
- आन्तरिक तथा बाह्य पर्यटकहरुको आवास व्यवस्थाका लागि होमस्टे संचालनका लागि व्यवस्था मिलाइनेछ ।
- तामाङहरुको वस्ती हेर्दै हिड्ने गरी तामाङ हेरिटेज Trail (पदमार्ग) निर्माण कार्यलाई निरन्तरता दिईनेछ साथै गाउँपालिका भित्रका विभिन्न स्थानहरुमा नयाँ पर्यटकीय गन्तव्यहरुको पहिचान तथा प्रवर्द्धन गर्नको निम्ति पालिकास्तरीय पदमार्ग निर्माण गर्न आवश्यक कार्यक्रम संचालन गरिनेछ ।
- पर्यटन मार्फत आर्थिक समृद्धि हासिल गर्न गाउँपालिकाको पर्यटन गुरुयोजना तर्जुमा गरी सोही आधारमा पर्यटन पूर्वाधार विस्तार र पर्यटन विकासका कार्यक्रमहरु संचालन गरिनेछ।
- तारकेश्वर गाउँपालिकामा बसोबास गर्ने विभिन्न जातजातिको मौलिक पहिचान झल्कने परम्परागत पर्व, संस्कार र संस्कृतिहरुको संरक्षण, संबर्धन र प्रवर्द्धन गरिनेछ।
- धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक सम्पदाको रुपमा रहेका विभिन्न मठ-मन्दिर तथा सार्वजनिक महत्वको सम्पदाहरु प्रदेश सरकारको समन्वय र सहकार्यमा पुननिर्माण, जिर्णोद्वार तथा संरक्षण गरिनेछ।
- अन्तरपालिका सम्बन्ध प्रवर्द्धन गर्दै अन्य स्थानीय तहहरुका असल अभ्यासलाई अनुसरण गरी पर्यटन प्रवर्द्धन गर्न अन्य स्थानीय तहहरुसँग भगिनी सम्बन्ध विस्तार गरिनेछ ।

**सहकारी तर्फ** :

- सहकारी संस्थाहरुको उचित प्रवर्धन र नियमन गरिनेछ । सहकारी संस्थाहरुको संस्थागत सुशासन प्रवर्द्धन गर्दै निक्षेपकर्ताहरुको हित संरक्षणका लागि सहकारी सिद्धान्त बमोजिम भए नभएको अनुगमन गरी प्रोत्साहन तथा कारबाहीको नीति अवलम्बन गरिनेछ।
- गाउँपालिका भित्र स्थापना हुने कृषि समूह, निजी फर्म र सहकारीहरुको दर्ता तथा कार्यक्षेत्र अनुमति जस्ता विषयहरुलाई व्यवस्थित ढंगले अघि बढाउने नीति लिइनेछ।
- सहकारीहरुको माध्यमबाट उत्पादनशील क्रियाकलापमा संलग्न नागरिकहरुको पूँजी संकलन तथा परिचालन गरी स्वरोजगारीको अवसर श्रृजना गरी गरीबी न्यूनिकरण गर्ने योजनालाई निरन्तरता दिइनेछ।
- सबै सहकारी संस्थाहरुलाई सहकारी तथा गरीबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली( COPOMIS) मा आबद्ध गरिनेछ ।
- समान उद्देश्य भएका सहकारी संस्था एकीकरण गर्न प्रोत्साहन गरिनेछ । निष्क्रिय सहकारीको दर्ता खारेजी कार्य अगाडि बढाइनेछ ।गैर-सदस्य कारोबार, एउटै विषयका बहुसंस्था सदस्यता, कार्यक्षेत्र बाहिरको कारोबार लगायतका सहकारीको वित्तीय सुशासन प्रतिकुल कार्यलाई कडाइका साथ नियन्त्रण गरिनेछ ।

**रोजगार प्रवद्धनः**

स्थानीय स्तरमा सञ्चालन हुने सामाजिक तथा सार्वजनिक पूर्वाधार निर्माण लगायतका योजना तथा कार्यक्रममा आवश्यक पर्ने निर्माण सामग्री व्यवस्थापन गरी रोजगार सेवा केन्द्रमा सूचकृत बेरोजगार व्यक्तिलाई काममा लगाउन राष्ट्रीय रोजगार कार्यक्रमसँग गाउँपालिकाबाट यथोचित साझेदारी गरिनेछ ।

बेरोजगार व्यक्तिहरुको तथ्याङ्क सङ्कलन गरी स्थानीयस्तरमै रोजगारीको अवसर सिजना गर्न नीति अवलम्बन गरीने छ ।

साथै वैदेशिक रोजगारमा जान चाहने व्यक्तिहरुको श्रम स्विकृति तथा पुनःश्रम स्विकृति दिने कार्यको रोजगार सेवा केन्द्रबाट आवश्यक सहजीकरण गरिने छ ।आन्तरिक रोजगारी प्रवर्धनको लागि वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिलाई उद्यमशिलता प्रवद्धन कार्यक्रम सञ्चालन गरीने छ ।

**गाउँसभाका सदस्यज्यूहरु,**

अब म सामाजिक विकास तर्फ लिइएको नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न चाहन्छुः

**सामाजिक विकास तर्फ**

**शिक्षा युवा तथा खेलकुदः**

- **"प्रतिभा पहिचान र सम्मानः हाम्रो अभियान"** भन्ने नारालाई आत्मसाथ गर्दै विभिन्न प्रतिस्पर्धात्मक कार्यक्रमहरु तथा अतिरिक्त क्रियाकलापहरु नियमित रुपमा सञ्चालन गर्दै बालबालिकाहरुमा रहेका प्रतिभा प्रस्फुटनको अवसर प्रदान गरिनेछ। बालबालिकाहरुमा रहेका प्रतिभाहरु पहिचान गर्दै उचित सम्मान गर्ने व्यवस्था गरिनेछ। उत्कृष्ट कार्यसम्पादन गर्ने शिक्षकहरुलाई उचित सम्मान सहित पुरष्कृत गरिनेछ।
- संघीयताको मर्म र भावना अनुसार गाउँपालिका अन्तरगतका सम्पूर्ण विद्यालयमा हरेक बुधबार जातिय पहिचान सहितको पोशाकलाई थप प्राथमिकताका साथ निरन्तरता दिईनेछ।
- प्रत्येक महिनाको पहिलो शुक्रबार सञ्चालन गरीदैं आएको BOOK FREEDAY कार्यक्रमलाई निरन्तरता दिदै थप प्रभावकारी बनाईनेछ।
- विद्यार्थीहरुलाई प्राविधिक व्यवसायिक शिक्षा तर्फ आकर्षित गर्नलाई थप प्रोत्साहन तथा छात्रवृति कार्यक्रमलाई निरन्तरता दिईनेछ।
- युवा युवतीहरु तथा खेलाडीहरुका लागि खेलकुद प्रति आकर्षण बढाउन गाउँपालिका सदरमुकाममा रहेको तारकेश्वर गाउँपालिका स्तरिय रंगशाला निर्माणलाई निरन्तरता दिई निर्माण सम्पन्न गरिनेछ।
- स्थानीय खेलाडीहरुको वृति विकास र प्रोत्साहन गर्न गाउँपालिका स्तरिय तथा जिल्ला स्तरिय खेलकुद कार्यक्रमहरु आयोजना गरिनेछ।
- तारकेश्वर गाउँपालिका वडा नं. ४ मा निर्माणाधिन गाउँपालिका स्तरिय शैक्षिक पार्कलाई गाउँपालिकाको शैक्षिक तथा सांस्कृतिक आकर्षण केन्द्रको रुपमा विकसित गर्न आवश्यक व्यवस्था गरिनेछ।
- मातृभाषा र स्थानीय भाषाको संरक्षण तथा प्रवर्धनका लागि तामाङ भाषा, संस्कृत भाषा लगायतका मातृभाषा शिक्षण कार्यक्रमलाई निरन्तरता दिईनेछ।
- गाउँपालिकास्तरीय शैक्षिक क्यालेण्डर निर्माण गरी विद्यालयहरुमा अनिवार्य रुपमा शैक्षिक क्यालेण्डर" लागु गरिनेछ ।
- संघीय सरकारको आ.व. २०८२।८३ को बजेटमा घोषणा भए बमोजिम बालविकास सहजकर्ता, विद्यालय कर्मचारीको तथा सामुदायिक सिकाई केन्द्रमा कार्यरत शिक्षकहरुको पारिश्रमिकमा गाउँपालिकाबाट प्रदान गरीएको थप रकम बृद्धि गरिनेछ।

- अध्यक्षसँग बालबालिका कार्यक्रमलाई निरन्तरता दिदैं थप प्रभावकारी बनाउन विभिन्न क्षेत्रका प्रतिभावान विद्यार्थीहरुलाई प्रोत्साहन गर्ने साथै अध्यक्षसँग आमा बुवा छोरा छोरी सहित अभिभावक कार्यक्रम निरन्तरता दिईनेछ ।
- सामुदायिक विद्यालयमा शिक्षाको गुणस्तर अभिबृद्धिका लागि एकीकृत विद्यालय व्यवस्थापन सुधार तथा अभिबृद्धि कार्यक्रम सञ्चालन गरी "***गुणस्तरीय शिक्षाः हामी सबैको अपेक्षा***" भन्ने उक्तिलाई क्रमशः सार्थक तुल्याईनेछ।
- गाउँपालिका भरिबाट एस. ई.ई. तथा कक्षा १२ को परीक्षामा उत्कृष्ट शैक्षिक उपलब्धी हासिल गर्ने विद्यालय तथा विद्यार्थीलाई पुरस्कृत गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- प्राविधिक शिक्षा अध्ययन गर्ने गरीब असहाय तथा जेहेन्दार विद्यार्थी हरुलाई प्रोत्साहन गर्न **उपाध्यक्ष छात्रवृति** कार्यक्रमलाई निरन्तरता दिईनेछ, साथै विद्यालय बाहिर रहेका र बिचमै विद्यालय छोड्ने बालबालिकाहरुलाई विद्यालय शिक्षा पुरा गर्न प्रोत्साहनका लागि विशेष शैक्षिक प्याकेज सञ्चालन गरिनेछ।
- सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर वृद्धि गर्न शिक्षकहरुलाई प्रविधिमैत्री सीप विकास, शिक्षण कला, क्षमता विकास र असल अभ्यास शिक्षण सिकाई आदान प्रदानका कार्यक्रमहरु संचालन गरिनेछ | शैक्षिक गुणस्तर अभिवृद्धिका लागि विद्यालय अनुगमन तथा निरीक्षण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- एक शिक्षक एक ल्यापटप वितरण कार्यक्रमको सञ्चालन व्यवस्थापनका लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ।
- सामुदायिक विद्यालयहरुको विद्यालय परिसर सुधार कार्यक्रम संचालन गरिनेछ। यस अन्तर्गत पिउने पानीको प्रबन्ध र निःशुल्क सेनेटरी प्याड, व्यवस्था गरिनेछ।
- सबै विद्यालयहरुमा नेपाल स्काउटलाई विस्तार गरिनेछ ।
- बालमैत्री शासन पद्धति अनुरुप बालबालिका विरुद्ध हुने सबै प्रकारका हिंसा र शोषण निषेधको नीति लिइनेछ।
- सबै विद्यालयहरुमा क्रमशः पुस्तकालय, विज्ञान र कम्प्युटर प्रयोगशाला स्थापनाको व्यवस्थापनका लागि संघीय तथा प्रदेश सरकार र संघ-संस्थाहरु संग समन्वय गरिनेछ।
- शैक्षिक प्रणाली मै रूपान्तरण ल्याउन सूचना प्रविधिको प्रभावकारी उपयोग लाई निरन्तरता दिइनेछ।
- विद्यार्थीहरुका लागि छात्रवास व्यवस्थापन गर्न बजेटको व्यवस्थापन गरिनेछ । विद्यालयहरुमा अध्ययनरत किशोर किशोरीहरुका लागि स्वास्थ्य र मनोसामाजिक चेतनामूलक कार्यक्रम सञ्चालन गरी स्वास्थ्य परामर्श दिइनेछ ।
- तारकेश्वर गाउँपालिका अन्तरगत शिक्षक कल्याणकारी कोषको व्यवस्था गरिनेछ।

- सामुदायिक विद्यालयहरुमा शिक्षक विद्यार्थी अनुपातमा विषयगत दरबन्दी एवं शिक्षक सरुवालाई व्यवस्थापन गरिनेछ ।

**युवा तथा खेलकुद विकासः**

- युवा तथा बालबालिकाको क्षमता अभिबृद्धि गर्न **पालिका स्तरीय अध्यक्ष कप खेलकुद कार्यक्रमलाई** निरन्तरता साथसाथै राष्ट्रपति रनिङ शिल्ड कार्यक्रमलाई समेत थप प्रभावकारी बनाई निरन्तरता दिइनेछ ।
- विद्यालयका बालवालिकाहरुलाई शैक्षिक गतिविधिका अलावा मनोरञ्जनात्मक वातावरण सिर्जना गरी अन्तरनिहित प्रतिभालाई प्रस्फुटित गराउन खेलकुद तथा मनोरञ्जनका सामाग्रीहरु वितरण गरिनेछ ।
- दाङसिङमा बनिरहेको पालिका स्तरीय खेलकुद रंगशालामा प्राथमिकताका साथ बजेट विनियोजन गरिनेछ तथा एक वडा एक खेलकुद मैदान निर्माण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
-

<u>**गाउँसभाका सदस्यज्यूहरु**</u>,

**स्वास्थ्य सेवा क्षेत्र तर्फ**

- **"अर्गानिक स्थानीय खाद्य वस्तु उपभोग गरौः स्वस्थ र निरोगी बनौ"** भन्ने मुल नारालाई सार्थकता दिन आवश्यक नीति बनाई उच्च प्राथमिकताका साथ कार्यन्वयन गरिनेछ ।
- मेरो स्वास्थ्य मेरो समुदाय कार्यक्रम अन्तर्गत घरटोलमा गएर स्वास्थ्य प्रवर्द्धन कार्यक्रम सुचारु गरिनेछ ।घरघरमा स्वास्थ्य सेवा पुर्‍याउने अभियान अन्तरगत टोल/बस्तीहरुमा घुम्ती स्वास्थ्य सेवा कार्यक्रमहरु उच्च प्राथमिकताका साथ सञ्चालन गरिनेछ।
- समुदायमा नसर्ने रोग सम्वन्धी स्क्रिनिङ फागुन महिना भित्र सम्पन्न गरिनेछ ।स्वास्थ्य संस्थामा न्युनतम सेवा मापदण्डका आधारमा मूल्याङ्कन गरी सुदृढीकरण गरिनेछ।
- पूर्ण खोप सुनिश्चितता र दिगोपनाका खोप सम्वन्धी अभियान, घरधुरी सर्वेक्षण, तथ्याङ्क प्रमाणीकरण, पूर्ण खोप पालिका तथा वडा संमन्वय वैठक, वस्ति, टोल, वडा तथा पालिका भर संचालन गरिनेछ।
- सुरक्षित आप्रवासन (SaMI) कार्यक्रम मार्फत मनोसामाजिक परामर्श सेवा उपलब्ध गराईनेछ।
- भौगोलिक अवस्था र जनचाहना अनुरुप तारकेश्वर गाउँपालिकाको वडा नं. १,५,६, को पुर्वी भेग र वडा नं. २,३,४ को पश्चिमी भेगका जनताहरुको स्वास्थ्य सेवाको पहुँचमा सहजताको लागि एम्बुलेन्स सेवालाई विस्तार गरिनेछ।
- आर्थिक रुपमा अति विपन्न तथा लक्षित वर्गका गाउँपालिका वासीहरुको स्वास्थ्य जाँच र उपचारका लागि सहुलियतपूर्ण/निशुल्क एम्बुलेन्स सेवाको प्रबन्ध गरिनेछ।

- आयुर्वेद र होमियोप्याथी जस्ता प्राकृतिक तथा वैकल्पिक चिकित्सा पद्धतिको संरक्षण र प्रवर्द्धन गर्ने कार्यक्रमहरुको उच्च प्राथमिकताका साथ व्यवस्था गरिनेछ । स्वास्थ्यका लागि योग कार्यक्रम पहिचान गरी योग तथा ध्यान केन्द्रको निर्माण गर्न आवश्यक प्रबन्ध मिलाइनेछ ।
- सामाजिक सुरक्षाको कार्यक्रमसँगै अध्यक्षसँग ज्येष्ठ नागरीक स्वास्थ्य परीक्षण कार्यक्रमलाई उच्च प्राथमिकतामा राख्दै निशुल्क औषधोपचार र औषधी वितरण लाई निरन्तरता दिईनेछ ।
- साथै मृगौला, मुटु, उच्च रक्तचाप, मधुमेह जस्ता रोगको विशेषज्ञ बाट निःशुल्क जाँचको साथै दिर्घ रोग पहिचान गरी आर्थिक सहायता प्रदान गर्ने आवश्यक प्रबन्ध मिलाईनेछ ।
- तारकेश्वर गाउँपालिका भित्रका सवै बस्ती र टोल टोलमा स्वास्थ्य सेवाको पहुँच वृद्धि गर्न घुम्ती स्वास्थ्य क्लिनिक वस सेवा सञ्चालनको लागि प्रदेश सरकार तथा संघीय सरकारसंग समन्वय गरिनेछ ,उक्त घुम्ती स्वास्थ्य क्लिनिक वस सेवा मार्फत आधारभूत स्वास्थ्य सेवा प्रदान गर्न आवश्यक व्यवस्था गरिनेछ ।
- स्वास्थ्य सेवालाई थप गुणस्तरीय वनाउँन र औषधी उपकरणको अभाव हुन नदिन आवश्यक बजेट व्यवस्थापन गरिनेछ । साथै गाउँपालिका भित्र विस्तार गरीएका थप आधारभुत स्वास्थ्य इकाई केन्द्रहरुमा आवश्यक जनशक्ति र औषधी तथा उपकरण उपलब्ध गराइने छ ।
- गाउँपालिकाका सवै वडाहरुमा वालवालिकाहरुलाई गुणस्तरीय नियमित खोप दिलाउँन, खोप सुदृढिकरण, पूर्ण खोप सुनिश्चित तथा दिगोपना कायम राख्न खोप कार्यक्रम संघीय सरकारको साझेदारीमा उच्च प्राथमिकताका साथ सवै वडाहरुमा संचालन गरीने छ ।
- गाउँपालिका स्तरमा महामारी रोग नियन्त्रण तथा विपद व्यवस्थापन आकस्मिक योजना बनाई कार्यन्वयन गरीने छ ।साथै महामारी तथा प्राकृतिक प्रकोप व्यवस्थापन गर्न पालिका स्तरमा कोष स्थापना गरीने छ ।
- गाउँपालिका वासीन्दालाई प्रदान गरीने स्वास्थ्य सेवालाई व्यवस्थित गरी थप गुणस्तर र प्रभावकारी वनाउन पालिकाकाको स्वास्थ्य नीति र स्वास्थ्य ऐन तर्जुमा गरी कार्यन्वयन गरिनेछ ।
- स्वास्थ्य संस्थामा हुने सुत्केरी दरलाई वढाई मातृ तथा नवशिशु स्वास्थ्य र पोषण स्थितिमा सुधार ल्याउँन स्वास्थ्य संस्थामा सुत्केरी गराउँन आउने आमाहरुलाई थप प्रोत्साहनको कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- क्यान्सर, मृगौला, हेड इन्जुरी, पार्किनसन स्पाइनल इन्जुरी सिकलसेल एनिमिया र अल्जाइमर लगाएत ८ प्रकारको रोगहरुको मासिक उपलब्ध गराउँदै आएको रु ५,००० (पाँच हजार) रकम र अन्य सुविधाहरु गाउँपालिका सरकारले संघ र प्रदेश सरकारको संमन्वयमा थप उपचार कार्यलाई निरन्तरता दिईनेछ ।

- संघ, प्रदेशको संमन्वयमा लक्षित वर्गहरुका लागि रोगको प्रकृति अनुसार विशेषज्ञ चिकित्सकहरु आमन्त्रण गरी स्वास्थ्य शिविर संचालन गरीने छ ।
- स्वास्थ्य सेवाका कर्मचारीहरुलाई सेवा प्रवाह कार्यलाई व्यवस्थित वनाउँन क्षमता विकास तालिमको व्यवस्था गरीने छ ।आफ्नो कार्य सम्पादनमा उत्कृष्ट, इमानदार कर्मचारीहरुलाई प्रोत्साहान तथा पुरस्कारको व्यवस्था गरिनेछ ।
- स्वास्थ्य सेवाको सूचना पहुँचमा वृद्धि गरी, आधुनिक सूचना प्रविधि प्रयोगमा ल्याइने छ। स्वास्थ्य व्यवस्थापन सुचना प्रणाली र आपूर्ती व्यवस्थापन प्रणालीलाई व्यवस्थित गर्न स्वास्थ्य संस्थाहरुवाट अनलाइन माध्यमवाट प्रतिवेदन प्रविष्ट गर्न सवै संस्थाहरुमा इन्टरनेट र ल्यापटप, कम्प्युटरको व्यवस्थापन गरिनेछ ।

**<u>गाउँसभाका सदस्यज्यूहरु</u>,**

**खानेपानी तथा सरसफाई क्षेत्र तर्फ**

- सबै नागरीकलाई आधारभुत स्तरको खानेपानी तथा सरसफाई सेवाको पहुँच सुनिश्चित तारकेश्वर गाउँपालिकाका सबै स्थान, टोलवस्तीहरुमा विगत देखि सञ्चालित **"एक घर एक धारा"** कार्यक्रमलाई निरन्तरता दिईएको छ।
- **"शुद्ध खानेपानी स्वास्थ्य जिन्दगानी"** भन्ने नारालाई सार्थकता दिईनेछ।
- पानी अभाव भएका टोल बस्तीहरुमा रहेका पानीको मुहानको संरक्षण गर्ने, नयाँ खानेपानीको मुहान पहिचान गर्ने र आवश्यकता अनुसार लिफ्टिङ प्रविधिको प्रयोगबाट खानेपानीको उचित व्यवस्थापन गर्ने योजना कार्यक्रमहरुलाई उच्च प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ।
- सरकारी तथा गैरसरकारी संघ संस्था, समुदायको एकिकृत सहकार्यमा पालिका क्षेत्रका नदिनाला, धार्मिक क्षेत्र तथा बजार क्षेत्र सरसफाई कार्यक्रम निरन्तर रुपमा संचालन गरिनेछ ।
- संघिय सरकार तथा प्रदेश सरकार बाट प्राप्त जोरघट्ट खाने पानी आयोजना र ठाटिखोला जोरघट्ट खानेपानी आयोजना मार्फत आयोजना क्षेत्रमा एक घर एक धारा कार्यक्रमको कार्यान्वयनलाई निरन्तरता गरिनेछ।

आगामी आ.व. मा बागमती प्रदेश सरकारको सहयोग र सहकार्यमा तपशिल बमोजिमका आयोजनाहरुको कार्यान्वयन गरिनेछ।

- केउरेपानी खानेपानी योजना तारकेस्वर ३.
- ठाँटीखोला खानेपानी योजना, तारकेश्वर ३.
- धनराई डांडाखर्क खानेपानी योजना, तारकेश्वर २,
- बिचारे खोला मुहान गरी बेलडाँडा खानेपानी योजना, तारकेश्वर १,

- तल्लो दर्शनटार खानेपानी योजना, तारकेश्वर-४,
- पुरानो बुधसिंह खानेपानी योजना, तारकेश्वर-४,
- काफलपानी भञ्याङ्गखर्क खानेपानी योजना तारकेश्वर-४,
- डाँडाखर्क खानेपानी योजना, तारकेश्वर- ६,
- भमरा पहराभिर अधुरो खानेपानी योजना, तारकेश्वर- ६,
- काभ्रे मानेडाँडा स्वास्थ्य चौकी खानेपानी वडा नं. ५,
- अच्छेखोला कामिडाँडा भन्ज्याङथोक खानेपानी वडा नं. ५,

**सामाजिक समावेशीकरण तर्फ**

- महिलाहरुमा सीप विकास गर्दै थप उर्जा प्रदान गर्न गाउँपालिकाको भौगोलिक अवस्था अनुसार तल्लो भेगको वडा नं. २, ३, र ४ लाई समेटेर एक सीप सिकाई केन्द्र र माथिल्लो भेगको वडा नं. १, ५,र ६ लाई समेटेर एक सीप सिकाई केन्द्रको निर्माण तथा व्यवस्थापन गरिनेछ।
- आमा समुह, महिला समुह, एकल महिला समुह, कृषि समुह, किशोरी समुह लाई सक्रिय बनाई थप सबलीकरणका लागि आवश्यक सीपमुलक तालिम कार्यक्रमहरुको व्यवस्था गरिनेछ।
- महिला सशक्तीकरणका लागि सचेतना मुलक कार्यक्रम संचालन गरिनेछ ।
- महिला विरुद्ध हुने विभेद घरेलु हिंसा अन्त्य गर्न तथा उनीहरुको श्रमको उचित मुल्याङ्कनको लागि जनचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ ।महिलाहरुका लागि उद्यमशिलता विकास गर्ने कार्यक्रमहरुको व्यवस्था गर्दै महिलाहरुलाई स्वालम्वी तथा आत्मनिर्भर बन्न सीप विकास तालिम कार्यक्रम सञ्चालन गरिनेछ।
- महिला, बालबालिका, एकल महिला, अपाङ्गता भएका व्यक्तिहरु, दलित, आदिवासी जनजाती, पिछडिएका वर्गहरुलाई लैङ्गिक समानता एवं समावेशीकरणका लागि विशेष सीप विकास कार्यक्रम सञ्चालन गरिनेछ।
- आरन सुधार, कपडा सिलाई बुनाई डिजाईन सम्बन्धी तालिम कार्यक्रमहरुको व्यवस्था गरिनेछ।
- जनजातिको पहिचान संरक्षण तथा सम्बर्द्धनका लागि आवश्यक कार्यक्रम संचालन तथा जनजाति सामुदायिक भवन निर्माण कार्य सूचारु गरिनेछ ।
- सबै नागरीकलाई न्यायको सहज पहुँच उपलब्ध गराउन तथा न्याय सम्पादनलाई प्रभावकारी बनाउन प्रत्येक वडामा सरोकारवालाहरु र मेलमिलापकर्ताहरुसंग अन्तरक्रिया कार्यक्रम सञ्चालन गरीनुका साथै देवानी आचार संहिता र फौजदारी कानून सम्बन्धमा अभिमूखीकरण गरिनेछ ।
- ज्येष्ठ नागरीकहरुलाई **बा समुहमा** आबद्ध गराई जिविकोपार्जनको लागि आर्थिक अनुदान सहयोगका लागि आवश्यक कार्यक्रम बनाईनेछ। ज्येष्ठ नागरीकमा रहेको ज्ञान, सीप र अनुभव

अन्तरपुस्ता हस्तान्तरण गर्न **ज्येष्ठ नागरीक मिलन केन्द्रको** स्थापनाका लागि आवश्यक पहल गरिनेछ। ज्येष्ठ नागरीकहरुलाई मानसिक एवम् शारीरिक रुपमा सक्रिय बनाउन विभिन्न कार्यक्रम संचालन गरिनेछ।

**धर्म संस्कृति, कला साहित्य संरक्षण र प्रवर्धन तर्फ**

स्थानिय पर्व, संस्कृति, परम्पारगत कला साहित्य तथा रितीरिवाज संरक्षणका लागि आवश्यक कार्यक्रमहरुको व्यवस्था गरिनेछ ।

- सबै समुदायको धार्मिक तथा सांस्कृतिक कला संस्कृति वैभवलाई उत्थान गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।
- तारुका गोरु जुधाई स्थल, पालछेड्वागङ, ऐतिहासिक कोटघर, तारकेश्वर महादेव मन्दिर, फिर्केपकोट, ढिकी जाँतो चुली, शिवालय मन्दिर, भुमेस्थान मन्दिर, जन्तरे गढी, डाडाखर्क गढी, गुम्बा तथा तामाङ संग्राहलय आदिको संरक्षण तथा सम्बर्द्धन गर्नका लागि आवश्यक पहल गरिनेछ ।
- गाउँपालिका क्षेत्रमा निर्माण हुने निजि आवास, सामुदायिक भवन, होटल, आदिमा स्थानीय कला तथा संस्कृति झल्किने संरचनाको निर्माण गर्ने नीति लिईनेछ ।
- यस क्षेत्रको भाषा, कला, साहित्य आदिको संरक्षण र प्रवर्द्धनका लागि स्थानीय परिचय सहितको पुस्तकहरु प्रकाशनका लागि आवश्यक व्यवस्था गरिनेछ ।
- विशेषतः ज्येष्ठ नागरिकहरुलाई केदारनाथ, बद्रिनाथ मुक्तिनाथ जस्ता धर्मिक स्थलहरुको छन्द दिने गरी गाउँपालिका भित्रको उपयुक्त स्थानमा धार्मिक तिर्थस्थल निर्माण प्रकृया बढाईनेछ।

**गाउँसभाका सदस्ज्यूहरु,**

**उद्योग तथा औद्योगिक व्यवसाय तर्फ**

स्थानीय क्षेत्रमा रहेका स्रोत र उत्पादनको समुचित उपयोग गरी स्थानीय उद्योग विकासको व्यवस्था गरिनेछ । उद्योग विकासको सम्भावनाको बृहत अध्ययन तथा अनुसन्धान गर्न संघ र प्रदेश सरकारसँग आवश्यक समन्वय गरी त्यसका आधारमा उद्योग व्यवसाय संचालनका लागि विशेष पहल गरिनेछ ।

- उद्योग तथा औद्योगिक व्यवसाय सम्बन्धी विद्यमान नीतिलाइ समयसापेक्ष सुधार गरी लगानीमैत्री वातावरण तयारीका लागि आवश्यक व्यवस्था गरिनेछ ।
- घरेलु उद्योग, साना उद्योग स्थापना तथा संचालनका लागि समेत आवश्यक व्यवस्था गरिनेछ। यसका लागि घरघरमा जडिबुटी रोपण कार्यक्रमलाइ अभियानकै रुपमा अघि बढाइनेछ ।
- स्थानीय स्रोत साधनहरुको प्रयोग गरी निर्माण भएका सामग्रीहरुको सबै सरकारी कार्यालयहरुमा प्रयोगमा ल्याइने नीति बनाइनेछ।

- गाउँपालिका क्षेत्र भित्रका उद्यम गर्न चाहने महिला दलित अपाङ्गता भएका व्यक्ति विपन्न नागरीकहरुलाई क्रमशः उद्यमशिलता विकास र स्वरोजगारका लागि सीपमूलक तालिम, प्रविधि हस्तान्तरण गरी दीघकालीन व्यवसायमा जोडिनेछ।
- लक्षित समुहलाई उद्यमशिलताका माध्यमद्वारा स्वरोजगार, आत्मनिर्भर, रोजगारीको अवसर प्राप्त हुने व्यवस्था मिलाइनेछ । लघु उद्यम विकासको मोडेल अवलम्बन गरी लघ, घरेलु तथा साना उद्यमको विकासमा जोड दिइने छ ।

**वातावरण संरक्षण तथा विपद व्यवस्थापन तर्फ**

**"हराभरा तारकेश्वर, विकास निर्माणमा एकै स्वर"** भन्ने नारा सहित वातावरण संरक्षण र प्रबर्धनका लागि वैज्ञानिक उपायहरु अवलम्बन गर्नुका साथै वातावरण संरक्षण सम्बन्धी कानुन बनाई कार्यान्वयन गरिनेछ | प्लास्टिक झोलाको प्रयोगलाई निरुत्साहित गर्दै निषेध गर्ने नीति बनाईनेछ | प्लास्टिक झोलाको सट्टा कपडा, जुट वा कागजको झोला उत्पादन, बिक्री वितरण र प्रयोगलाई प्रोत्साहन हुने किसिमका कार्यक्रमहरु संचालन गरिनेछ |

- जलवायु प्रदुषण नियन्त्रण गर्न तथा स्वच्छ वातावरण प्रबर्धन गर्न आवश्यक कार्यक्रम बनाई संचालन गरिनेछ |
- सार्वजनिक जग्गा, नदी किनार, सरकारी कार्यालय परिसरमा वृक्षारोपण गर्ने कार्यलाई निरन्तरता दिइनेछ |
- प्राकृतिक तथा मानवीय कारण सृजित विपद्को रोकथाम तथा नियन्त्रणका लागि पालिका स्तर विपद् व्यवस्थापन समितिलाई आवश्यक रुपमा सक्रिय बनाईनेछ।
- विकास कार्यहरु संचालन गर्दा प्राकृतिक विपदको जोखिम न्यूनिकरणका उपायहरु अवलम्वन गरिनेछ।
- सार्वजनिक क्षेत्र, खाली पर्ति चौरहरुमा विभिन्न अन्य निकायसँगको सहकार्यमा वृक्षरोपण गर्ने व्यवस्था मिलाइनेछ । गाउँपालिका भित्र रहेका वन उपभोक्ता समितिहरुलाई एकिकृत गरी संरक्षण तथा नियमन गर्ने, त्यस्ता समितिबाट नियमानुसारको राजश्व संकलन गर्ने, वृक्षारोपण, तटवन्ध निर्माण, जल उत्पन्न प्रकोप नियन्त्रण गर्नका लागि विविध कार्याक्रमहरु सञ्चालन गरिनेछ ।
- प्राकृतिक प्रकोप तथा माहामारीको अवस्थामा तत्काल उद्धार, राहात र पुनःस्थापना गराउन प्राकृतिक विपद सहायता कोष स्थापनाका लागि बजेट व्यवस्था गरिनेछ ।
- बढ्दो वातावरण प्रदुषण न्यूनिकरणका लागि गाउँपालिका भित्रका सम्पूर्ण सरकारी कार्यालयहरुमा प्लाष्टिक मुक्त क्षेत्र बनाउने नीति ल्याइनेछ ।

**गाउँसभाका सदस्ज्यूहरु,**

**सुशासन तथा संस्थागत व्यवस्थापन तर्फ**

**सार्वजनिक सेवा प्रवाह क्षेत्र तर्फः**

- गाउँपालिकामा आन्तरिक नियन्त्रण प्रणालीको रुपमा प्रयोग हुदैं आएको "कार्यसञ्चालन निर्देशिका लाई समय सापेक्ष हुने गरी संशोधन गरिनेछ तथा गाउँपालिका कार्य सञ्चालन प्रकृया नियन्त्रित गर्न "आन्तरिक नियन्त्रण प्रणाली" निर्माण गरी लागु गरिनेछ ।
- गाउँपालिकाको पहिचान चिन्हको लागि यस गाउँपालिकाको संस्कृति, सम्पदा र पहिचान झल्कने एक लोगो तयार गरी प्रयोगमा ल्याईनेछ।
- पदाधिकारी तथा विषयगत शाखाहरुको कार्य विवरण प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ | संगठनलाई सेवामूलक र वैज्ञानिक बनाउन मानव संसाधन नीति तर्जुमा गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ |
- गाउँपालिकाको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण अध्यावधिक गर्दै सोहि बमोजिम उपयुक्त र प्रभावकारी संगठन संरचना बनाईनेछ । प्रत्येक पदको कार्य विवरण र प्रत्येक सेवाको SOP( Standard Operating Procedure ) निर्माण गरिनेछ । कर्मचारीबाट वाञ्छित लक्ष्य हासिल गर्न नतिजामा आधारित कार्य सम्पादन मुल्याङ्कन एवं प्रोत्साहन प्रणाली अवलम्वन गरिनेछ |
- स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) तथा स्थानीय तह वित्तीय सुशासन तथा जोखिम मूल्याङ्कन (FRA) प्रणालीका अधिकतम सुचकहरु हासिल गरिनेछ ।
- नागरिक सहायता कक्षलाई सबलीकरण गरी थप प्रभावकारी रुपमा सञ्चालन गरिनेछ।
- सार्वजनिक सेवा प्रवाहमा सूचना प्रविधिको अधिकतम प्रयोग गरी छिटो, छरितो रुपमा सेवा प्रवाह गरी सुशासनको प्रत्याभूति गरिनेछ ।
- **"जागरुक समाजको आधारःसूचना तथा सञ्चार"** भन्ने अवधारणाका साथ सञ्चार क्षेत्रको विकासको लागि कानूनी तथा कार्यक्रमगत प्रबन्ध गरिनेछ।
- विद्यमान नीति कानूनलाई समय सापेक्ष तथा स्थानीय समस्या समाधान उन्मुख बनाउन संघीय तथा प्रदेश कानून समेतको अध्ययन गरी आवश्यकता अनुसार संशोधन तथा नयाँ कानून निर्माण कार्यलाई निरन्तरता गरिनेछ ।
- सेवा प्रवाहमा चुस्तता ल्याउनको निम्ति राष्ट्रसेवक कर्मचारीहरुलाई उत्प्रेरित गर्न प्रोत्सहानका कार्यक्रम राखिनेछ तथा कार्यसम्पादन मुल्याङकनको आधारमा पुरस्कार तथा दण्डको व्यवस्था गरिनेछ ।

- जनप्रतिनिधि तथा कर्मचारीहरुको सीप तथा क्षमता अभिवृद्धिको लागि आवश्यक तालिम, गोष्ठी तथा अध्ययन अवलोकन भ्रमण कार्यक्रमलाई परिणाममुखी बनाईनेछ ।
- प्रविधिको प्रयोग तथा सूचनामा पंहुच अभिवृद्धि गर्न गाउँपालिकाका जनप्रतिनिधि, कर्मचारी तथा शिक्षकहरुलाई सूचना प्रविधिसँग सम्बन्धित तालिम तथा कार्यशाला संचालन गरिनेछ।
- सेवा प्रवाहको सम्बन्धमा सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सेवाग्राही सन्तुष्टी सर्वेक्षण, सुझाव तथा गुनासो सङ्कलन जस्ता सुशासनका सुचकहरुको अधिकतम उपयोग गरिनेछ।
- सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमसँगै अध्यक्षसँग जेष्ठ नागरीक कार्यक्रम, लगायत अन्य विविध कार्यक्रमलाई एकिकृत रुपमा सञ्चालन गर्दै थप प्रभावकारी बनाउँदै लगिनेछ ।
- प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनीकरण गर्न विभिन्न निकायहरुसँगको समन्वयमा  स्थानीय विपद समितिबाट पुर्वतयारी तथा प्रतिकार्य योजना मार्फत पूर्व सूचना, तयारी, उद्धार, राहत एवं पुनःस्थापना गर्ने र हटलाइन नम्बरलाई थप प्रभावकारी बनाउन चौविसै घण्टा सञ्चालन गरिनेछ ।
- सेवा प्रवाहलाई प्रभावकारी बनाउन वडा कार्यालयहरुमा नागरीक वडापत्रको व्यवस्था गरिनेछ । पालिकाभित्रका विभिन्न निकायमा समन्वय र सहजताको लागि ग्रुप एसएम एस सेवा तथा  सामजिक सञ्जालको प्रयोग गरिनेछ ।
- गाउँपालिकाको स्वामित्वमा रहेको सार्वजिनक सम्पतिको उचित व्यवस्थापन, संरक्षण र सम्वर्द्धनको लागि आवश्यक प्रबन्ध गरिनेछ ।
- न्यायिक समितिको कार्यसम्पादनलाई थप प्रभावकारी बनाउन आवश्यक बजेटको व्यवस्था गरिनेछ । न्याय सम्पादन कार्यलाई आम नागरीकको लागि सरल र पहुँच योग्य बनाउन आवश्यक प्रबन्ध गरिनेछ।
- न्यायिक प्रक्रियामा भएका जटिलता हटाउने तथा न्याय सम्पादनको प्रक्रियालाई छिटो, सहज तथा लागतमैत्री बनाउन प्रयास गरिनेछ । मेलमिलाप केन्द्र व्यवस्थापन सम्बन्धी कार्यविधि बनाई मेलमिलाप केन्द्रको गठन,  मेलमिलापकर्ता सूचीकृत, तालिम प्रदान तथा प्रोत्साहन जस्ता विषय समावेश गरिनेछ। साथै मेलमिलाप केन्द्रको अनुगमन गरी मेलमिलापकर्ताहरुको कार्यसम्पादन तथा विवाद व्यवस्थापन गर्न थप टेवा पुग्ने वातावरण सृजना गर्ने तर्फ विशेष ध्यान दिइनेछ ।
- समृद्ध तारकेश्वर निर्माणका लागि तारकेश्वर गाउँपालिका क्षेत्रमा क्रियाशील सबै सामाजिक संघ-संस्थाहरु संग आवश्यक समन्वय, सहकार्य र साझेदारी मार्फत सामाजिक परिचालनमा जोड दिइनेछ ।
- भुक्तानी प्रक्रियालाई सरल सहज बनाउनका लागि विद्युतीय भुक्तानी प्रणालीलाई थप सबलीकरण गरी निरन्तरता दिईनेछ।

- सार्वजनिक सेवाको सहज पहुँच भन्दा बाहिर रहेका दुर्गम भेगका नागरीक, शारिरीक अपांगता भएका नागरीक, जेष्ठ नागरीक आदिका लागि घरदैलोमा सेवा उपलब्ध गराउने कार्यलाई निरन्तरता प्रदान गरिनेछ ।
- नागरीकको जनगुनासो सम्बोधन गर्नका लागि सार्वजनिक सुनुवाई तथा गुनासो सम्बोधन कार्यक्रम सञ्चालनलाई निरन्तर गरिनेछ ।
- गाउँपालिकाको सुरक्षालाई चुस्तदुरुस्त एवम् प्रभावकारी बनाउन वडाका विभिन्न ठाउँमा पर्यटकीय स्थल तथा सुरक्षा संवेदनशील क्षेत्रहरुमा सि. सि. टि. भि. क्यामेरा जडान तथा मर्मत गरिनेछ ।
- सार्वजनिक खर्चलाई वैज्ञानिक अनुमान योग्य र नतिजामुखि तुल्याउन मध्यकालिन खर्च संरचना (MTEF) को तर्जुमा गरी प्रयोगमा ल्याइने छ।

**<u>गाउँसभाका सदस्यज्यूहरु</u>**,

**समन्वय र सहकार्यः**

- विपद् व्यवस्थापन, साझा पूर्वाधार निर्माण, सडक सञ्जाल, कानुन तर्जुमा, कर निर्धारण स्थानीय दररेट निर्धारण, फोहोरमैला व्यवस्थान लगायतका साझा सरोकारका विषयहरुको व्यवस्थापनमा एकरुपता ल्याउनका लागि अन्तरपालिका समन्वय बैठकको माध्यमबाट संयन्त्र निर्माण गरी क्रियाशिल गराउन पहल गरिनेछ।
- गाउँपालिकाक्षेत्र भित्र सञ्चालन हुने विकास आयोजना कार्यान्वयनको गुणस्तर कायम गर्न योजना तथा कार्यक्रममा दोहोरोपनाको जोखिम न्यूनीकरण गर्न संघीय र प्रदेश कार्यालय र गैर-सरकारी संस्थासँग समेत नियमित समन्वय गरिनेछ ।

**राजस्व सुधार तर्फः**

- स्थानीय सरकारले जनताको घरदैलोमै सेवाप्रवाह गर्ने प्रमुख दायित्व रहेको छ । साथै जनताको सहभागीता र आकांक्षा अनुरुप सिमित स्थानीय स्रोत, साधन प्रयोग मार्फत आर्थिक समृद्धिको लक्ष्य हाँसिल गर्न चुनौतिपुर्ण रहेको छ । स्थानीय सरकारले संकलन गर्ने राजश्व नै प्रमुख आन्तरिक स्रोत भएकोले राजश्व संकलन बृद्धिका लागि नेपालको संविधानले दिएको एकल राजश्व अधिकारको प्रयोगबाट आवश्यक कानून तर्जुमा गर्दा स्थानीय समुदायको राजश्व तथा कर तिर्न सक्ने क्षमतालाई उच्च प्राथमिकतामा राखेर आवश्यक नीतिगत र कार्यक्रमगत व्यवस्था सहित करको दायरा विस्तार गरिनेछ ।

- **"तारकेश्वर समृद्धि र विकासको आधारः हामीले तिरेको कर"** भन्ने नारा लाई आत्मसाथ गर्दै गाउँपालिकाले आगामी आ.व. मा राजश्व प्रशासनमा सुधार गरी राजश्व संकलन वृद्धि गर्न देहायका कार्यक्रमहरु संचालन गरिनेछ ।
- गाउँपालिकाले संविधान तथा कानुन बमोजिम असुल गर्ने राजस्व (कर तथा गैर कर) प्रशासनलाई न्यायोचित, पारदर्शी र बैज्ञानिक बनाउन आवश्यक प्रबन्ध मिलाइनेछ ।
- करदाताहरुलाई कर प्रणालीमा स्वेच्छिक रुपमा सहभागी गराउन समग्र राजस्व प्रणालीलाई करदातामैत्री बनाइनेछ । कर तथा गैरकर राजस्वको अनुगमन गर्न विशेष टोली गठन गरी परिचालन गरिनेछ ।
- नदि किनारको ढुङ्गा, गिट्टी वालुवालाई दिगो उपयोग गरी राजश्व संकलन गर्न आगामी आ.व.२०८२।०८३ को सुरुवातमा नै संक्षिप्त वातावरणीय प्रभाव मुल्याङ्कन गरी सो प्रतिवेदन बमोजिम ठेक्का प्रक्रिया मार्फत राजस्व संकलनलाई थप प्रभावकारी बनाईनेछ।
- सम्पूर्ण वडा कार्यालयहरुमा राजश्व संकलन गर्न SuTRA प्रणाली लागु गरी राजश्व व्यवस्थापन सुचना प्रणालीको प्रभावकारी रुपमा सञ्चालन गरिनेछ।
- पालिकाबाट बाहिर निकासी हुने नदिजन्य पदार्थ, काठ, दाउरा माटो लगायत कर लाग्ने बस्तुहरुको निकासी कर संकलन गर्नको निम्ति निकासी बिन्दुमा कर संकलन केन्द्र निर्माण गरी राजस्व संकलन प्रणालीलाई थप प्रभाकारी बनाईनेछ ।
- कर प्रशासनलाई मितव्ययी र सहज पहुँचयोग्य बनाइनेछ । यसका लागि अनलाइन पेमेन्ट, डिजिटल पेमेन्ट जस्ता अत्याधुनिक प्रविधिहरुको अवलम्बन गरिनेछ ।
- पालिकाको दिगो आयको रुपमा राजस्वका संभाव्य क्षेत्र पहिचान गरी दर र दायरालाई समय सापेक्ष बनाउन आवश्यक व्यवस्था गरिनेछ ।
- तारकेश्वर गाउँपालिका भित्र सञ्चालनमा रहेका योजनाका लागि आवश्यक ग्राभेल (प्रशोधन नगरीएको ढिस्काको बालुवा, ग्राभेल) तारकेश्वर गाउँपालिकाको आर्थिक ऐन मा व्यवस्था भए बमोजिम रोयल्टी दस्तुर असुल गरिनेछ ।

**गाउँसभाका सदस्यज्यूहरु**,

अन्त्यमा, प्रस्तुत नीति तथा कार्यक्रमले जनअपेक्षा अनुरुप विकासका चाहना पुरा गर्दै, स्थानीय सरकार र स्थानीयवासी बिचको सुमधुर सम्बन्ध कायम गर्ने र **समृद्ध तारकेश्वर, सुखी तारकेश्वर वासी** भन्ने नारालाई सार्थकता प्रदान गर्न सकिनेछ। यस नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनबाट **समृद्ध नेपाल, सुखी नेपाली** राष्ट्रिय आकांक्षा पूरा गर्न महत्वपुर्ण योगदान हुनेछ तथा

आम जनतालाई सुशासन सहित समृद्धि र विकासको प्रत्याभुति हुनेछ। प्रस्तावित नीति तथा कार्यक्रमको सफल र प्रभावकारी कार्यान्वयनमा सबैको सहकार्य र स्वामित्व अपरिहार्य छ। नीति तथा कार्यक्रमको सफल कार्यान्वयनमा सम्पूर्ण तारकेश्वरवासी, सरकारी निकाय, राजनीतिक दलहरु, संघ संस्थाहरु, निजी तथा सहकारी क्षेत्र लगायत सबैको सक्रिय सहभागिता, सुझाव, समर्थन तथा सहयोग प्राप्त हुने कुरामा विश्वस्त छु । नीति तथा कार्यक्रम निर्माणमा आफ्ना अमुल्य राय सुझावहरु प्रदान गर्नु हुने गाउँपालिका निवर्तमान जनप्रतिनिधीहरु, राजनीतिक दल, राष्ट्रसेवक कर्मचारी, शिक्षक, सुरक्षाकर्मी, निजी सहकारी र सामुदायिक क्षेत्र, संघ-संस्था,श्रमिक वर्ग, नागरीक समाज, बुद्धिजिवी, सामाजिक अभियन्ता, पत्रकार लगायत सम्पूर्ण दिदीबहिनी तथा दाजुभाईहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु। साथै सम्पूर्ण वुद्धिजीवी, प्रवुद्ध वर्ग र विकासप्रेमी तारकेश्वरवासीलाई समृद्ध तारकेश्वरको विकास निर्माणमा योगदान गर्न हार्दिक अपिल गर्दछु ।

**धन्यवाद** !

**शिव अधिकारी**

**अध्यक्ष**